# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४५।१२।२९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूको ५ वर्षको अवधि मिति २०४६।१।५ मा पुगेकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७ क २ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम मिति २०४६।१।६ देखि ३ (तीन) वर्षको अवधि थप गरेको छ ।

| क्र.सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री मुक्तिप्रसाद काफ्ले | सचिव | निर्माण तथा यातायात मन्त्रालय |
| २. | श्री दामोदरप्रसाद गौतम | सचिव | वाणिज्य मन्त्रालय |
| ३. | श्री सन्तबहादुर राई | सचिव | आवास तथा भौतिक योजना मन्त्रालय |
| ४. | श्री विमलराज बस्नेत | सचिव | सामान्य प्रशासन मन्त्रालय |
| ५. | श्री राधारमण उपाध्याय | सचिव | उद्योग मन्त्रालय |

### सूचना २

श्री ५ को सरकारले मिति २०४५।१२।२९ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्रांकित विशिष्ट श्रेणी (अतिरिक्त समूह, सामान्य प्रशासन मन्त्रालय) का अधिकृत श्री टेकबहादुर खत्रीलाई ५ वर्षको सेवा अवधि मिति २०४६।१।५ मा पूरा भएकोले निजामती सेवा नियमावली, २०२१ को नियम ७ क १ को उपनियम १ बमोजिम मिति २०४६।१।६ देखि सरकारी नोकरीबाट अवकाश दिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20